# Living the Lotus

## Buddhism in Everyday Life

1
2026
VOL. 244








**डिसेम्बर 7 मा कोसेई-काई मंगोलिया उलानबाटार शाखाको स्मरण समारोह**

**Living the Lotus**
**Vol. 244 (January 2025)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: माएदा ताकासी
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ। रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।

# मियाजावा केन्जीबाट सिक्ने -१

## एक व्यापक दृष्टिकोण र बोधिसत्व हृदय

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai



### आकाशगंगा सोचकासाथ बाँच्ने

नयाँ वर्षको शुभकामना! हामी प्रत्येक दिनको कदर गरौं र कडा परिश्रम गरौं ताकि २०२६ (रेइवा ८) एक महत्वपूर्ण मोड बनोस् जहाँ शान्ति विश्वभर फैलियोस्।हाम्रो संस्थाको आधारको रूपमा काम गर्ने यी शब्दहरू, जापानको इवाते प्रान्तको हानामाकीमा, वसन्तको शुरुमा १०० वर्ष पहिले लेखिएका थिए।"सम्पूर्ण संसार खुशी नभएसम्म व्यक्तिगत खुशी असम्भव छ। आत्म-जागरूकता बिस्तारै व्यक्तिबाट सामूहिक, सामाजिक र ब्रह्माण्डीयमा विकसित हुन्छ। के यो त्यो बाटो होइन जुन प्राचीन ऋषिहरूले हिंडेका र सिकाएका थिए? नयाँ युगमा, संसार एकीकृत चेतना तर्फ अघि बढिरहेको छ र जीवित बन्दैछ। धर्म र दृढतापूर्वक बाँच्नु भनेको आफू भित्रको आकाशगंगाको बारेमा सचेत हुनु र त्यसलाई प्रतिक्रिया दिनु हो। हामी संसारको लागि साँचो खुशी खोजौं; बाटोको खोजी पहिले नै बाटो हो।" (किसान कलाको परिचयको रूपरेखा पुस्तकको परिचयबाट )।

यी शब्दहरू मियाजावा केन्जीका हुन्, जो आफ्नो बालकथा "नाइट अन द ग्यालेक्टिक रेलरोड" र उनको कविता "आमेनिमो माकेजु" का लागि परिचित छन्। यो वर्ष केन्जीको जन्मको १३० औं वार्षिकोत्सव हो, र जब हामी वर्तमान विश्व परिस्थितिलाइ हेरी यी शब्दहरू पढ्दा यी कुराहरु आज हाम्रो लागि बहुमूल्य सन्देशको रूपमा पनि देख्न सकिन्छ।

मैले प्रायः पृथ्वीप्रति धेरै आभारी छु भन्ने कुरा बोलेको छु, जुन बाह्य अन्तरिक्षबाट देखिने सुन्दर जलपुर्ण ग्रह हो, र यस हाम्रो "अन्तरिक्षयान" पृथ्वीमा रहेका सबै जीवनलाई सम्मान गर्नुको धेरै महत्त्व छ। मलाई विश्वास छ कि केन्जीको विशाल भावना र अन्तरदृष्टिबाट सिक्नु हाम्रो चुनौती र जिम्मेवारी हो, जुन आकाशगंगासम्म फैलिएको छ, र आफ्नो र अरूको खुशीको बारेमा फराकिलो दृष्टिकोणबाट सोच्नु र अभ्यास गर्नु हाम्रो चुनौती र जिम्मेवारी पनि हो।

यसबाहेक, यो खण्ड केन्जीले इवाते राष्ट्रिय उच्च माध्यमिक विद्यालय (हानामाकी कृषि कलेज) का विद्यार्थीहरूलाई दिएको एक क्लास लिएको बेलामा भनिएको कुराको अंश हो जसमा उनले कृषिमा केन्द्रित रचनात्मक जीवन बिताउन मानिसहरूलाई अनुमति दिने दृष्टिकोण र आधारभूत भावनाको बारेमा बोलेका थिए, त्यसैले मलाई विश्वास छ कि युवाहरूको हृदयमा यस प्रकारको जागरूकता "जागृत" गर्नु "मानव विकास" को सार हो।

## "आमेनि मो माकेजु" नोटबुक एक "धर्मशास्त्र" हो

तपाईंलाई थाहा छ होला की मियाजावा केन्जी पुण्डरीक  सूत्रका एक भक्त थिए, र मलाई विश्वास छ कि उहाँले एक यानको शिक्षा र पुण्डरीक सूत्रमा व्यक्त गरिएको अनन्त जीवनको विचारलाई कविता र कथाहरू मार्फत व्यक्त गर्नुहुन्थ्यो। तर , वहाको  मानिसहरूलाई धर्ममा  ल्याउने कुनै उद्देश्य थिएन र  केन्जी आफैंले चेतावनी दिएका थिए: "कहिल्यै पनि, कतै  धर्मसिद्धान्तको बारेमा नसोच्नुहोस्!" भनेर।  उनका साहित्यिक कृतिहरू  उनका विश्वासहरूको शुद्ध र इमान्दार अभिव्यक्ति हुन्, किनकि उनले "संसारमा साँचो खुशी" र सबैलाई बचाउनको लागि एकल मनले प्रार्थना गरेका थिए।

यी कविताहरू र कथाहरू पढ्नेहरूले स्वाभाविक रूपमा अरूको लागि परोपकार र करुणाको आनन्द बुझ्न थाल्छन्, लोभ र क्रोधको मूर्खताप्रति सचेत हुन्छन्, र जीवनको क्षणभंगुरता र अनन्तताबाट प्रभावित हुन्छन्। यही कारणले गर्दा यी कृतिहरू टिकेका छन् र किन तिनीहरूको आत्मा धेरै मानिसहरूसँग प्रतिध्वनित भइरहेको छ। यो, भन्नुपर्दा, विश्वासको मनोवृत्ति हो: "आफूलाई विश्वास गर्नुहोस् र अरूलाई तपाईंमा विश्वास गराउनुहोस्।" हामी पनि, हाम्रो काम, घरको काम र बाल-पालनमा, स्वाभाविक रूपमा अरूप्रति गहिरो करुणा राख्छौं, जुन हाम्रो शुद्ध दृढ संकल्प र बोधिसत्व जस्तै बाँच्ने इच्छाद्वारा प्रेरित हुन्छ, जसले गर्दा सहानुभूति र अनुनाद निम्तो दिन्छ, जसले बोधिसत्वहरूलाई जन्म दिन्छ। मलाई आशा छ कि हामी प्रत्येक त्यस्तै हुनेछौं।

जब म प्रसिद्ध मियाजावा केन्जीको कविता आमेनि मो माकेजु (वर्षातसँग हार्दिन) पढ्छु, मलाई लाग्छ कि म कुनै सूत्र पढिरहेको छु। यो कविता लेखिएको नोटबुकमा पहिलो पृष्ठमा दोजोको चिन्तन लेखिएको छ, त्यसपछि चार बोधिसत्वहरू सहितको  मण्डल "नमु म्योहो रेंगे क्यो" मन्त्र वरिपरि छ, जुन "कान्जो" अर्थात दानलाई प्रतिनिधित्व गर्दछ, ठीक हाम्रो संघको सूत्र जस्तै। केन्जीको दृढ संकल्प र प्रतिज्ञाका शब्दहरू पछ्याउने यो कविता  सूत्र जस्तै प्रतिध्वनित हुन्छ र मेरो हृदयमा पुग्छ।

मैले पहिले यो कवितालाई "बोधिसत्व कहिल्यै अपमान नगर्ने अध्याय, केन्जीका शब्दहरूमा मात्र अनुवाद गरिएको" भनेर वर्णन गरेको थिएँ। अर्को अंकमा, म यो कवितालाई बोधिसत्वको जीवन र आत्मालाई पुनर्विचार गर्न सुरुवात बिन्दुको रूपमा प्रस्तुत गर्ने छु।



# Rissho Kosei-kai International

**Make Every Encounter Matter**



## A Global Buddhist Movement




| Information about local Dharma centers | facebook | X |
|---|---|---|

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp